प्रदेश सरकार

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## पशुपन्छी विकास निर्देशनालय सुर्खेत

### प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०९।०१

यस निर्देशनालयको आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुल , २०७७ बमोजिम बाख्रा ब्लक कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेकोले इच्छुक सुर्खेत जिल्लामा वसोवास गरेका कार्यक्रमले तोकेअनुसारका बाख्रा ब्लक ( बाख्रा श्रोतकेन्द्रले ) यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रमहरु | पटक | कुल अनुदान रकम रु. | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | बाख्राको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन ( बाख्रा श्रोतकेन्द्रले ) | १ | ३० लाख | सुर्खेत |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. अनुसूची १० अनुसारको अनुदानका आवेदन फारम ।
२. सूचना प्रकाशित हुनु अगावै सविकको जिल्ला पशुसेवा कार्यलय वा स्थानियतहका पशु सेवा शाखामा बाख्रा श्रोत केन्द्र दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने श्रोतकेन्द्रमा कम्तिमा ५०००( पाँच हजार) को संख्यामा बाख्रा भएको हनु पर्ने ।
४. संयूक्तरुपमा बाख्राको खोर निर्माण गरी बाख्रा पाल्नु पर्ने भएमा जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५वर्षको सम्झौतानामाको प्रतिलिपी ।
५. श्रोतकेन्द्रको अध्यक्षको नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी ।
६. श्रोतकेन्द्रको निर्णयको प्रतिलिपी ।
७. छुट भएका विषयहरु प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुल , २०७७ अनुसार हुनेछ ।परियोजना कार्यान्वयन म्यानुल यस निर्देशनालय वा सम्वन्धित स्थानियतहको पशुसेवा शाखामा सम्पर्क गर्न सकिनेछ ।

थप जानकारीको लागि यस निर्देशनालयको फोन नं.०८३-५२०२८८ ,०८३ ५२३५५६ र ०८३५२०९३७ मा सम्पर्क गर्न सकिनेछ ।

नि. निर्देशक